# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०६।३० गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

काभ्रेपलाञ्चोक जिल्ला अदालत, धुलिखेल, काभ्रेमा कार्यरत नायव सुब्बा राजेन्द्र खत्रीले अंगभंग मुद्दाको थुनछेकको क्रममा सेवाग्राहीलाई त्रासमा पारी सो काम मिलाइदिने प्रयोजनका लागि विभिन्न बहानामा घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टंगालबाट खटिइ गएको टोलीले निजलाई रु १,२५,०००/-(एक लाख पच्चिस हजार) घुस रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा, निजलाई बिगो रु. १,२५,०००/- (एक लाख पच्चिस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता